# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
## जलेश्वर, महोत्तरी, मधेश प्रदेश

पत्र संख्या:-२०८१/०८२
च.नं.:-

मिति:-२०८१।०५।१२

सूचना !     सूचना !!     सूचना !!!

सूचना प्रकाशित मिति २०८१।०५।१२ गते

## पशु हाट वजारको ठेक्का लगाउने सम्बन्धी सूचना

जलेश्वर न.पा.वा.नं. १ स्थित वरुणसर पोखरीको डिलमा लाग्ने सोमवार तथा विहिवारका दिन लाग्ने पशु हाट वजार सेवा शुल्क संकलन गर्न आ.व.२०८१।२०८२ को २०८१ साल असोज ०१ गते देखि आ.व.२०८१।२०८२ को २०८२ साल अषाढ मसान्त सम्म महिना १० को लागि ठेक्का वन्दोवस्त गर्नुपर्ने भएकोले ठेक्का लिन चाहने इच्छुक महानुभावहरुले निम्न शर्तको बन्देजमा रही टिकट वापत रु.१०।- नगदै संलग्न राखि सिलवन्दी बोलपत्र पेश गर्न सम्वन्धीत सवैमा जानकारीको लागि यो १५(पन्ध्र) दिने सूचना प्रकाशित गरिएको छ ।

## पशु हाट बजार सेवा शुल्क दरवन्दी :-

(क) बाखा, खसी, भेडा, वोका आदि विक्रि गर्ने संग सैकडा रु. १।-
(ख) बाखा, खसी, भेडा, वोका आदि खरिद गर्ने संग सैकडा रु. १।-

१. व्यक्तिको हकमा नेपाली नागरिकताको प्रमाणपत्रको र फर्म , संघ ,संस्थाको हकमा २०८२ साल आषाढ मसान्त सम्मको लागि नविकरण भएको प्रमाणहरुको प्रमाणित प्रतिलिपि र टिकट रु.१०।- को नगद नोट साथ निवेदन तथा पछि फिर्ता नहुने गरी पशु हाट बजारको फारम दस्तुर वापत रु.३,०००।-बुझाई यो सुचना प्रकाशित मिति देखि १५ औ दिन सम्म कार्यालय समय भित्र यस कार्यालयको कर शाखावाट वोलपत्र खरिद गर्न सकिनेछ ।

२. बोलपत्रमा कबोल रकम अंक र अक्षर दुवैमा प्रष्टरुपमा भर्नुपर्ने छ । अंक र अक्षरमा फरक पर्न गएमा अक्षरलाई मान्यता दिईनेछ ।

३. यस कार्यालयवाट ठेक्का पट्टा वा अन्य बक्यौता बुझाउन वाँकी रहेका बोलपत्र दाताको बोलपत्र स्वीकृत गरिने छैन । त्यस्तो बोलपत्र यस कार्यालयमा दर्ता हुन गएमा स्वत: बदर हुनेछ ।

४. धरौटी वापत नेपाली नागरिक वा फर्म, संघ संस्था भए कबोल अंकको ५ प्रतिशतले हुने रकम यस कार्यालयको रा.बा.बैक जलेश्वरमा रहको धरौटी खाता नं.१२७०१००३०३००००००३ खातामा जम्मा गरेको सक्कल भौचर सिलवन्दी वोलपत्र साथ संलग्न गर्नुपर्ने छ वा नेपाल राष्ट्र बैंकबाट मान्यता प्राप्त बैंक बाट जारी भएको वोल कवोल जमानी पत्र सिलबन्दी वोलपत्र साथ संलग्न गर्नु पर्ने छ र धरौटी वापतको नगद रकमलाई मान्यता दिईनेछैन ।

५. व्यक्ति, फर्म वा संस्थाको नामवाट खरिद भएको वोलपत्र अरु व्यक्ति ,फर्म वा संस्थाको नामवाट दाखिला गर्न पाईने छैन । त्यस्तो बोलपत्र पेश भै दर्ता हुन गएमा पनि स्वत: बदर हुनेछ ।

अधिकृत छैठा

जय कुमार साह
नि.प्रमुख प्रशासकीय अधिकृत

टेलिफोन: ०४४-५२०१४३ फयाक्स:०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेब साइट: http://www.jaleshwarmun.gov.np

CamScanner

# जलेश्वर नगरपालिका
# नगर कार्यपालिकाको कार्यालय
जलेश्वर, महोत्तरी, मधेश प्रदेश

पत्र संख्या:-२०८१/०८२
च.नं.:-

मितिः-२०८१।०५।१२

६. शिलवन्दी बोलपत्र यो सूचना प्रकाशित मिति देखि १६ औ दिनको १:०० बजे सम्म यस कार्यालयमा दाखिला गर्नु पर्नेछ । उक्त बोलपत्रहरु १६ औ दिन दिनको ३:०० बजे बोलपत्र दाता वा निजको वारेसहरु र कार्यालयका प्रतिनिधिहरुको रोहवरमा खोलिने छ । बोलपत्र दाता वा निजको वारेसहरु उपस्थित नभए पनि बोलपत्र खोल्ने काम रोकिने छैन । बोलपत्र खरिद गर्ने र दाखिला गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा त्यसपछि कार्यालय खुलेको दिनको सोही समयमा खरिद तथा दाखिला गर्न सकिने छ ।

७. ठेक्का स्वीकृत भएपछि ठेक्का अंक लाई दूई किस्तामा बुझाउनु पर्ने छ । पहिलो किस्ताको कुल रकम चलन पुर्जि दिने दिन सम्म नगदै र बाँकी किस्ता बराबरको कुल रकम नेपाल राष्ट्र बैंकबाट (क) वर्गको मान्यता प्राप्त बैंकको कम्तीमा १ वर्ष म्याद भएको बैंक जमानी पत्र वा ठेक्क अंकको कुल रकम नगदै यस नगरपालिका कार्यालयमा बुझाई सकेपछि कवुलियत पट्टा गराई चलन पुर्जि दिने कार्य हुनेछ ।

८. ठेक्का सम्बन्धी दैवी प्रकोप वा अन्य मानवीय एवं प्राकृतिक कारणबाट हुने हानी नोक्सानीको जिम्मेवारी यस कार्यालयको नभै स्वयं ठेकदारको हुनेछ । स्वीकृत ठेक अंकमा बन्द, हरताल आदि जस्ता कारणबाट कुनै पनि छुट वा मिन्हाको दावी गर्न पाईन छैन ।

९. ठेक्का संग सम्वन्धित काममा लाग्ने सरकारी कर, दस्तुर आदि ठेकदार स्वंयले नै बुझाउनु पर्नेछ र ठेक्का अवधि सम्पन्न भएपछि कर हिसाव चुक्ताको प्रमाण पेश गरेपछि मात्र धरौटी फिर्ता दिईनेछ

१०. सम्पूर्ण किस्ता रकम एकमुष्ट बुझाएमा औचित्य हेरी बढीमा १० प्रतिशत सम्म छुट दिन सकिनेछ ।

११. ठेक्का स्विकृत गर्ने वा नगर्ने सम्पूर्ण अधिकार यस कार्यालयमा सुरक्षित रहनेछ ।

१२. रित नपुगी, म्याद नाघी तथा शर्त राखि पेश हुन आएको बोलपत्र माथि कुनै कारवाही गरिने छैन ।

१३. पशु हाट बजार क्षेत्र भन्नाले वरुणशर पोखरीको पूर्व दक्षिण कुनाको २०० मिटर भित्रको क्षेत्र हुनेछ ।

१४. यस सम्वन्धी अन्य कुरा बुझ्न आवश्यक भएमा यस कार्यालयको आर्थिक प्रशासन शाखा तथा कर शाखामा कार्यालय समय भित्र बुझ्न सकिनेछ ।

१५. यस सूचनामा उल्लेखित वाहेकका विषयमा प्रचलित नेपाल कानून अनुसार हुनेछ

१६. न्यूनतम अंक रु.२५,४३,०००।- (पच्चिस लाख तिरचालीस हजार मात्र)

अधिकृत छैठौं

जय कुमार
नि.प्रमुख प्रशाशकीय अ...

टेलिफोन: :०४४-५२०१४३ फ्याक्स:०४४-५२०१४३ - जलेश्वर,महोत्तरी, नेपाल
इ-मेल : info@jaleshwarmun.gov.np;eo@jaleshwarmun.gov.np
वेव साइट: http://www.jaleshwarmun.gov.np

CamScanner